नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

थापाथली, काठमाडौं

प. स : ०८३-०८४ | च. न : २०६७ | मिति: २०८३/०५/१८

नेपाल संवतः ११४६ गुलागा सप्तमी

## प्रेस विज्ञप्ति

मिति २०८३ साल भदौ १० गते बुधबार रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा लगायत नदीमार्गमा पर्ने जिल्लाका तटीय क्षेत्रमा रहेका बजार, बस्ती तथा भौतिक पूर्वाधारमा भएको क्षति र जनधनको नोक्सानीको खबरले सामाजिक सुरक्षा कोष परिवार अत्यन्तै मर्माहत भएको छ।

उक्त प्राकृतिक विपदमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना व्यक्त गर्दछौं।बाढीका कारण घाइते तथा प्रभावित हुनुभएका सम्पूर्णको शीघ्र स्वास्थ्यलाभ तथा पुनर्स्थापनाको कामना गर्दछौं। साथै, सम्पर्कविहीन रहनुभएका नागरिकहरूको सकुशलताको कामना गर्दछौं।

यस विषम परिस्थितिबाट प्रभावित नागरिकहरूको खोज, उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सामाजिक सुरक्षा कोषका कर्मचारीहरूको तर्फबाट ऐक्यबद्धता प्रकट गर्दै कोषमा कार्यरत कर्मचारीहरूको पारिश्रमिकबाट कट्टा गरी रु. ९,९८,०००/- (अक्षेरुपी नौ लाख अन्ठानब्बे हजार रुपैयाँ) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको व्यहोरा जानकारी गराउँदछौं।

यस घटनाबाट प्रभावित १५ स्थानीय तहभित्र सामाजिक सुरक्षा कोषमा सूचीकृत ३९ रोजगारदाता तथा त्यहाँ कार्यरत श्रमिकहरू, साथै अन्य स्थानको ठेगाना भई सामाजिक सुरक्षा कोषमा आबद्ध रही प्रभावित क्षेत्रमा कार्यक्षेत्र रहेका रोजगारदाता तथा योगदानकर्ता/श्रमिकहरू समेत प्रभावित भएको देखिन्छ। यस सम्बन्धमा कोषमा निरन्तर फोन तथा पत्राचार भइरहेको सन्दर्भमा कोषमा आबद्ध भई नियमित योगदान गरिरहनुभएका र यस घटनाबाट प्रभावित सम्पूर्ण रोजगारदाताज्यू तथा योगदानकर्ताहरूलाई आवश्यक सहजीकरणका लागि छुट्टै कार्यदल गठन गरिएको जानकारी गराउँदछौं।

प्रभावित रोजगारदाता तथा योगदानकर्ताहरूले आफूलाई परेको प्रभाव तथा क्षतिको विवरण कार्यदलका संयोजक, एवं कोषका निर्देशक श्री उत्तमराज नेपालको मोबाइल नं. ९८५१३२१०९५ मा सम्पर्क गरी वा इमेल disasterrelief@ssf.gov.np मार्फत उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं।

सामाजिक सुरक्षा कोषमा आबद्ध भई नियमित योगदान गरेका योगदानकर्तालाई कोषबाट उपलब्ध हुने सुविधाका सम्बन्धमा समेत कोष प्रतिबद्ध रहेको छ। विपद्का कारण घाइते भएका योगदानकर्ताको उपचार, अंगभंग भएका योगदानकर्तालाई अशक्तता पेन्सन तथा योगदानकर्ताको परिवारलाई आश्रित परिवार पेन्सन लगायतका सुविधा उपलब्ध गराउन कोषले आवश्यक सहजीकरण गर्नेछ।

अन्त्यमा, हालसम्म सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका रोजगारदाता तथा योगदानकर्ताहरूलाई शीघ्र कोषमा आबद्ध भई नियमित योगदान गर्न समेत आह्वान गर्दछौं।

कृष्ण अधिकारी
प्रवक्ता
सामाजिक सुरक्षा कोष